आज मिति २०८३।०१।१० गते विहिबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. उद्गम तिमिल्सिना, वरिष्ठ लेखा अधिकृत

२. वासु पण्डित, वरिष्ठ शाखा अधिकृत

३. तेज कुमार धामला, अधिकृत छैठौं, प्रशासन शाखा

४. लोक बहादुर बराल, अधिकृत छैठौं, योजना शाखा

<u>कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची</u>

बैठक संख्याः ६९
अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष
बैठक मितिः २०८३।०१।१०
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः १०:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८३।०१।१० | १०:०० बजे | मानव सेवा आश्रम, चितवनलाई सहयोग रकम उपलब्ध गराउने सम्बन्धमा। | सामाजिक विकास शाखा | १ |
| २०८३।०१।१० | १०:०५ बजे | Boys Union Club इच्छाकामना-४, चितवनलाई फूटबल प्रतियोगिता सञ्चालनको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | शिक्षा, यूवा तथा खेलकुद शाखा | २ |
| २०८३।०१।१० | १०:१० बजे | अस्थायी क्रसर प्लान्ट, अस्फाल्ट प्लान्ट र कंक्रिट व्याचिङ प्लान्टको म्याद थप सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ३ |
| २०८३।०१।१० | १०:१५ बजे | औषधी उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ४ |
| २०८३।०१।१० | १०:२० बजे | ६ नं. वडाको कालीखोला क्षेत्रबाट ढुङ्गा निकासी सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ५ |
| २०८३।०१।१० | १०:२५ बजे | त्रिशुली नदिको सोता बगर क्षेत्रबाट स्वीकृत IEE बमोजिम नदिजन्य पदार्थ निकासी सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ६ |
| २०८३।०१।१० | १०:३० बजे | इच्छाकामना आधारभूत अस्पतालको कम्पाउण्ड निर्माणको क्रममा कुरिनटार ग्रामिण खानेपानीको पाइप लाईनमा पुगेको क्षतिको मर्मत सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ७ |
| २०८३।०१।१० | १०:३५ बजे | इच्छाकामना गाउँपालिकाको स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री स्वीकृति सम्बन्धमा। | शिक्षा, यूवा तथा खेलकुद शाखा | ८ |
| २०८३।०१।१० | १०:४० बजे | श्री गणेश राष्ट्रिय आधारभूत विद्यालय, इच्छाकामना-३, ओरेकको विद्यालय भवन रङ्गरोगन सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ९ |
| २०८३।०१।१० | १०:४५ बजे | अभिभावक जनचेतना शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धमा। | शिक्षा, यूवा तथा खेलकुद शाखा | १० |
| २०८३।०१।१० | १०:५० बजे | ५ नं. वडा स्थित इच्छाकामना मन्दिर परिसरमा बली घर निर्माण सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ११ |
| २०८३।०१।१० | १०:५५ बजे | पशुजन्य क्षतिको राहत रकम उपलब्ध गराउने सम्बन्धमा। | पशुपन्छी विकास शाखा | १२ |
| २०८३।०१।१० | ११:०० बजे | नकारात्मक सूचीका जग्गाको विवरण स्वीकृति सम्बन्धमा। | अमिन शाखा | १३ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २०८३।०१।१० | ११:०५ बजे | मर्मत सम्भार कोषबाट खर्च लेख्ने गरी योजना सञ्चालन सम्बन्धमा। | योजना शाखा | १४ |
| २०८३।०१।१० | ११:१० बजे | श्री राष्ट्रिय आधारभूत विद्यालय कुयलघारीलाई ICT, पुस्तकालय तथा विज्ञान प्रयोगशाला कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने सम्बन्धमा। | शिक्षा, यूवा तथा खेलकुद शाखा | १५ |
| २०८३।०१।१० | ११:१५ बजे | ३ नं. वडाको चुम्लिङटारमा सञ्चालित व्याचिङ प्लान्टको अस्थायी सञ्चालन अनुमतिको म्याद थप सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १६ |
| २०८३।०१।१० | ११:२० बजे | ७ नं. वडामा पर्ने खगेरी खोलाको नदिजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा ढुवानीको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १७ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

पूर्व बैठकको समीक्षा

मिति २०८२।१२।०८ मा बसेको ६८ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

मिति २०८३।०१।१० मा बसेको ६९ औं कार्यपालिका बैठकको निर्णयहरुः

निर्णय नं.१: यस गाउँपालिकाको क्षेत्रभित्र फेला परेका सडक आश्रित मावहरुको उद्दार, उपचार, पालपोषण, संरक्षण एवं पारिवारिक पुनर्मिलन जस्ता कार्यहरुमा सहयोग गर्दै आइरहेको मानव सेवा आश्रम, चितवनलाई आर्थिक सहयोग स्वरुप रु.१,५०,०००।-(अक्षरेपि एक लाख पचास हजार मात्र) उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट उपलब्ध गराउने।

निर्णय नं.२: Boys Union Club इच्छाकामना-४, चितवनले मिति २०८३।०१।१३ देखि २०८३।०१।१९ गतेसम्म सञ्चालन गर्न लागेको प्रथम इच्छाकामना कप फूटबल प्रतियोगिताको लागि आर्थिक सहयोग बापत रु.१,५०,०००।-(अक्षरेपि एक लाख पचास हजार मात्र) प्राप्त बिल भर्पाईका आधारमा अध्यक्षसँग यूवा, खेलकुद तथा सीप विकास कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने।

निर्णय नं.३: नेपाल सरकारको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना नागढुङ्गा मुग्लिङ्ग सडक विस्तार आयोजना अन्तर्गतको पश्चिम खण्ड मलेखु मुग्लिङ सडक आयोजनाको काममा प्रयोग गर्नको लागि आवश्यक पर्ने निर्माण सामग्री तयार पार्न यस गाउँपालिकाको वडा नं. ४ कुरिनटारमा स्थापना भई गाउँपालिकाबाट सञ्चालनको अनुमति पाएको अस्थायी क्रसर प्लान्ट, अस्थायी अस्फाल्ट कंक्रिट प्लान्ट र कंक्रिट व्याचिङ प्लान्टको ६ महिनाको सञ्चालन अनुमतिको म्याद मिति २०८२।१२।१६ गते देखि सकिएको र सडक विस्तारको कार्य पुरा भई नसकेको भनी पुनः म्याद थपको लागि निवेदन प्राप्त भएकोले गाउँपालिकाको आर्थिक ऐन बमोजिम राजश्व अग्रिम रुपमा लिई थप ३ महिना (२०८३ असार मसान्त सम्म) को लागि अस्थायी सञ्चालन अनुमतिको म्याद थप गर्ने।

निर्णय नं.४: यस गाउँपालिकामा सहायक लेखा अधिकृत (आन्तरिक लेखा परीक्षण तर्फ), अधिकृतस्तर छैटौं तहमा कार्यरत कर्मचारी प्रतिक्षा कोइराला स्तन क्यान्सर रोगबाट पिडित भई उपचाररत रहनु भएको साथै वडा नं. ७ की महिला वडा सदस्य फूलमती गुरुङ मुटु सम्बन्धी रोगबाट पिडित भई उपचाररत रहनु भएकोले निजहरु दुबैलाई औषधी उपचार सहायता बापत जनही रु. ५०,०००।- (अक्षरेपि पचास हजार मात्र) प्राप्त बिल भर्पाईका आधारमा उपलब्ध गराउने।

निर्णय नं.५: यस गाउँपालिकाको ६ नं. वडामा पर्ने कालीखोला क्षेत्रमा रहको ढुङ्गा गाउँ कार्यपालिकाबाट स्वीकृत IEE प्रतिवेदनको अधिनमा रही श्री सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, भरतपुर, चितवनद्वारा सञ्चालित राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना ($P_1$ Project) NRMP/NCB/RTW/LB/03-081/82, Narayani River Left Bank Flood Protection Works at Bharatpur-16, Setidevi & 17 Majhuwa, Chitwan को Contractor M/S Naba Janukadevi Construction & Suppliers Pvt. Ltd., Uttargaya-02, Rasuwa लाई IEE प्रतिवेदनमा उल्लिखित परिमाणको ढुङ्गा बागमती प्रदेश सरकारले स्वीकृत गरेको आर्थिक ऐन, २०८२ ले तोकेको दरमा अग्रिम राजश्व लिई सम्बन्धित आयोजनामामात्र उपयोग गर्ने गरी गाउँपालिकाको प्राविधिकको निगरानीमा उत्खनन्, सङ्कलन र ढुवानीको लागि अनुमति प्रदान गर्ने।

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

निर्णय नं.६: गाउँपालिकाबाट स्वीकृत IEE प्रतिवेदनको अधिनमा रही IEE प्रतिवेदनमा उल्लिखित दरमा (प्रदेश कानूनले तोकेको दरमा नघट्ने गरी) अग्रिम राजश्व लिई त्रिशुली नदी किनारको सोता बगरबाट ५५,००० (पचपन्न हजार) घ.मी. नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् गरी घाटगद्दी गरी गाउँपालिकाको प्राविधिकको निगरानी र नापजाँच पश्चात मात्र निकासी गर्ने गरी मलेखु मुग्लिङ सडक आयोजनालाई उक्त आयोजनामा नै प्रयोग गर्ने गरी उत्खनन् तथा सङ्कलन गर्न अनुमति प्रदान गर्ने।

निर्णय नं.७: ४ नं. वडामा निर्माणाधिन इच्छाकामना आधारभूत अस्पतालको कम्पाउण्ड निर्माण गर्ने क्रममा कुरिनटार ग्रामीण खानेपानीको पाइपलाइनमा क्षति पुगेकोले प्राविधिक लागत स्टिमेट बमोजिमको पाइपलाइन मर्मत खर्च प्राविधिक मूल्याङ्कनको आधारमा कन्टिन्जेन्सी रकमबाट उपलब्ध गराउने।

निर्णय नं.८: समृद्ध इच्छाकामना स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री निर्माण समितिबाट तर्जुमा भएको पाठ्यक्रम सन्दर्भ सामग्री, मस्यौदा मूल्यांकन समितिबाट जाँच भई स्वीकृतिका लागि सिफारिस भई आएकोले उक्त स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री, २०८३ स्वीकृत गर्ने।

निर्णय नं.९: श्री गणेश राष्ट्रिय आधारभूत विद्यालय, इच्छाकामना-३, ओरेकको विद्यालय भवन रंगरोगनको लागि प्राविधिक लागत स्टिमेट बमोजिमको रंगरोगन बापतको खर्च प्राविधिक मूल्याङ्कनको आधारमा शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट उपलब्ध गराउने

निर्णय नं.१०: आ.व. २०८२।०८३ को स्वीकृत बार्षिक कार्यक्रम, अभिभावक शिक्षा कार्यक्रम इच्छाकामना गाउँपालिका र बि.जि.टि. इन्स्टिच्युट प्रा.लि. इच्छाकामना-४, चितवनको २०% लागत साझेदारीमा सञ्चालन गर्न स्वीकृति दिने।

निर्णय नं.११: ५ नं. वडामा पर्ने इच्छाकामना मन्दिर परिसरमा बली घर निर्माण कार्यको कन्टिन्जेन्सी रकमबाट खर्च लेख्ने गरी प्राविधिक लागत अनुमान स्वीकृत गराई खरिद कानून बमोजिम सञ्चालन गर्ने।

निर्णय नं.१२: गाउँपालिकाको वडा नं. ४ र ६ का तपसिलमा उल्लिखित किसानहरुको भैंसी तथा बाख्राको मृत्यु भएकोले उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट ती किसानहरुलाई तपसिलमा उल्लिखित रकम राहत स्वरुप उपलब्ध गराउने।

| क्र.सं. | कृषकको नाम | ठेगाना | मृत्यु भएको पशुको विवरण | संख्या | राहत रकम (रु.) |
|---|---|---|---|---|---|
| १. | याम बहादुर मगर | इ.गा.पा.-४, स्याक्लाङ | कालो ठूलो भैंसी (सुत्केरी व्यथा) | १ | २५,०००।- |
| २. | बिष्णु माया गुरुङ | इ.गा.पा.-६, याक्राङ | बाख्रा (विषालु घाँस सेवन) | ६ | १५,०००।- |
| ३. | सपना चेपाङ | इ.गा.पा.-६, कालीखोला | बाख्रा (विषालु घाँस सेवन) | ६ | १५,०००।- |

निर्णय नं.१३: भूमी सम्बन्धी समस्या समाधानको लागि यस गाउँपालिका क्षेत्रभित्रबाट सङ्कलन गरिएका निवेदनहरु मध्ये तपसिलमा उल्लिखित विवरण अनुसारका जग्गाहरु नकारात्मक सूचीमा परेकोले ती जग्गाहरुको सम्बन्धमा आवश्यक कारबाहिको लागि भूमी समस्या समाधान आयोगमा लेखी पठाउने।

| वडा नं. | जम्मा सङ्कलन भएको निवेदन संख्या | भूमिहिन दलित | भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबासी | घरधुरी संख्या | क्षेत्रफल (बि-क-धु) | फिल्डबुकको विवरणमा भएको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | २६९ | ० | १८ | २५१ | ९७ | २४७-१५-० | वन क्षेत्र | |
| २. | ३६५ | ० | २५ | ३४० | ३३३ | २०९-६-१० | वन क्षेत्र तथा खोलसी | |

दान बहादुर गुरुङ
अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | २९६ | ७ | ११ | २७८ | [illegible] | १७५-२-१८ | वन क्षेत्र/प्रती | |
| ४. | ३४३ | ११ | ३३ | २९९ | १२५ | ५१-११-१० | वन क्षेत्र | |
| ५. | २५१ | १० | ७९ | १६२ | १७१ | ८८-१०.० | वन क्षेत्र | |
| ६. | ४४८ | १२ | ६५ | ३७१ | ३३४ | ४४१-१३-१४ | वन क्षेत्र तथा खोल्सी | |
| ७. | १८८२ | ३२ | ४७८ | १३७२ | १४३९ | ८००-१८-७ | वन क्षेत्र | |

निर्णय नं.१४: इच्छाकामना गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८२ को परिच्छेद-४, दफा ११(ख) को अधिनमा रही तपसिलमा उल्लिखित योजनाहरु मर्मत सम्भार कोषबाट खर्च लेख्ने गरी सञ्चालन गर्ने।

तपसिलः

(क) ढुंग्रे लिफ्टिङ खानपानीको मोटर परिवर्तन, वडा नं. ६, ढुंग्रे

(ख) ताल्ती लाटी भञ्याङ सडकखण्ड बाटो मर्मत, वडा नं. ६

निर्णय नं.१५: मिति २०८२।१२।०८ गतेको गाउँ शिक्षा समितिको निर्णय बमोजिम छनौट भएको श्री राष्ट्रिय आधारभूत विद्यालय कुयलघारीलाई ICT, पुस्तकालय तथा विज्ञान प्रयोगशाला कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने।

निर्णय नं.१६: ब्लु इनर्जी लि. द्वारा प्रवर्द्धित तथा सि.ई. कन्स्ट्रक्सन प्रा.लि. द्वारा निर्माणाधिन इच्छाकामना गाउँपालिमा वडा नं. ३ स्थित त्रिशुली नदीमा निर्माणाधिन १०० मे.वा. क्षमताको सुपर त्रिशुली जलविद्युत आयोजनालाई निर्माण कार्यमा प्रयोग हुने सामाग्री ढुङ्गा, गिट्टी, बालुवा तथा सिमेन्ट आदिको मिक्सिङ कार्यको लागि आवश्यक पर्ने अस्थायी व्याचिङ प्लान्ट स्थापना तथा सञ्चालन गर्न गाउँपालिकाले दिएको ६ महिनाको म्याद मिति २०८२।१२।१६ गते देखि सकिएको र आयोजनाको कार्य पुरा भई नसकेकोले म्याद थपको लागि अनुरोध भई आएकोले गाउँपालिकाको आर्थिक ऐन बमोजिम अग्रिम राजश्व लिई थप ३ महिना (२०८३ असार मसान्त सम्म) को लागि अस्थायी सञ्चालन अनुमतिको म्याद थप गर्ने।

निर्णय नं.१७: यस गाउँपालिकाद्वारा सञ्चालित सिमलढाप धमिलीखोला सडक कालोपत्रे आयोजना र सडक डिभिजन कार्यालय भरतपुरद्वारा सञ्चालित Bharatpur Metropolitan City Ward No. 11 देखि Ichchhakamana Ward No. 7 (Simaldhap) सम्म कालोपत्रे आयोजनाको लागि आवश्यक पर्ने २५१६ घ.मी. नदिजन्य पदार्थ माग भइ आएकोले यस गाउँपालिकाको ७ नं. वडामा पर्ने खगेरी खोला क्षेत्रबाट गाउँ कार्यपालिकाद्वारा स्वीकृत IEE प्रतिवेदनको अधिनमा रही बागमती प्रदेश आर्थिक ऐन, २०८२ ले तोकेको राजश्व अग्रीम रुपमा लिई गाउँपालिकाको प्राविधिकको प्रत्यक्ष निगरानीमा उल्खनन् तथा सङ्कलन गरी सम्बन्धित आयोजनाहरुमा मात्र प्रयोग गर्न अनुमति प्रदान गर्ने।

दान बहादुर गुरुङ्ग
गाउँपालिका अध्यक्ष